# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, १ नं प्रदेश, नेपाल, मंसिर ०३ गते २०७५ साल ( संख्या १५

## भाग २

हल्दीबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

झापा, १ नं प्रदेश नेपाल

हल्दीबारी गाउँ कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं १५

हल्दीबारी राजपत्र

# हल्दीबारीको बाचा, झापाभरी माछा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावना** : "हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि" मुल लक्ष्य प्राप्ति गर्न गाउँपालिकाबाट यस क्षेत्रभित्रका विपन्न तथा उद्यमशील कृषकहरुलाई स्वीकृत बजेटको परिधि भित्र रही अनुदान समेतको व्यवस्था गरी मत्स्य पालन उद्यम मार्फत व्यवसायिक बनाउदै उनीहरुको जीवनस्तर क्रमशः अभिवृद्धि गर्दै जाने र आगामी ५ वर्षभित्र झापा जिल्लालाई नै माछा उत्पादनमा आत्मनिर्भर गराउने सोचका साथ दोस्रो गाउँसभाबाट पारित **"हल्दीबारीको बाचा, झापाभरी माछा"** कार्यक्रम कार्यान्वयन गर्नका लागि सभाले दिएको अधिकार प्रयोग गरी हल्दीबारी गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

१. **संक्षिप्त नाम, र प्रारम्भ** : (१) यो कार्यविधिको नाम **"हल्दीबारीको बाचा, झापाभरी माछा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५"** रहेको छ ।

(२) यो कार्यविधि हल्दीबारी राजपत्रमा प्रकाशन भएपछि हल्दीबारी गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

२. **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा-**

(क) "गाउँपालिका" भन्नाले हल्दीबारी गाउँपालिकालाई सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले हल्दीबारी गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "समिति" भन्नाले कार्यविधिको नियम ८ बमोजिमको समितिलाई सम्झनुपर्छ ।

(घ) "कार्यक्रम" भन्नाले गाउँपालिकाको दोस्रो गाउँसभाबाट पारित **हल्दीबारीको बाचा, झापाभरी माछा** भन्ने नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि बमोजिम तयार गरिएको व्यवसायिक मत्स्य पालनका लागि कृषकलाई उपलब्ध गराईने तालिम वा अवलोकन भ्रमण वा वस्तुगत सामाग्री अनुदान वा नयाँ माछा पोखरी क्षेत्र विस्तार अनुदान मध्ये सबै वा कुनै एक वा एकभन्दा बढी कार्यक्रमलाई सम्झनुपर्छ ।

(ङ) "कृषक" भन्नाले विगतदेखी नै गाउँपालिका क्षेत्रभित्र मत्स्य पालन उद्यम गर्दै आएका पुराना कृषक वा कृषक समुह वा कृषि फर्मलाई सम्झनुपर्छ र सो शब्दले यो कार्यविधि लागू भएपछि मत्स्य पालन उद्यम गर्न इच्छुक नयाँ कृषक वा कृषि समुह वा कृषि फर्म वा सहकारी संस्था समेतलाई सम्झनु पर्नेछ ।

(च) "कार्यालय" भन्नाले हल्दीबारी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(छ) "कार्यविधि" भन्नाले "हल्दीबारीको बाचा, झापाभरी माछा" कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ लाई सम्झनुपर्छ ।

(ज) "अनुदान" भन्नाले कार्यविधि बमोजिम नयाँ तथा पुराना कृषकहरुलाई उपलब्ध गराइने वस्तुगत सामाग्री अनुदान वा नयाँ माछा पोखरी क्षेत्र विस्तार गर्नका लागि कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदान मध्ये दुवै वा कुनै एकमात्र अनुदान समेतलाई सम्झनुपर्छ ।

(झ) "स्वीकृत बजेट" भन्नाले गाउँसभाबाट पारित हल्दीबारीको बाचा, झापाभरी माछा कार्यक्रम कार्यान्वयनका लागि यसै कार्यविधिको अनुसुची ३ मा उल्लिखित विभिन्न कियाकलाप सहित बाँडफाँड

गरिएको बजेट सम्झनुपर्छ र सो शब्दले सम्बन्धित वडाको सिलिङभित्रको सम्बन्धित कार्यक्रमको बजेट समेतलाई सम्झनु पर्नेछ।

(ञ) "क समुहका कृषक" भन्नाले एक विगाहा वा सोभन्दा कम खेतीयोग्य जमिन भई परिवारको कुनैपनि सदस्यको सरकारी रोजगारीमा पहुँच नभएका कृषकलाई सम्झनुपर्छ र सो शब्दले कम्तीमा पाँचजना कृषकहरु आपसमा मिली गठन गरेको दर्तावाल कृषि समुह समेतलाई सम्झनुपर्छ।

(ट) "ख समुहका कृषक" भन्नाले एक बिगाहाभन्दा बढी पाँच बिगाहाभन्दा कम खेतीयोग्य जमिन भएका कृषकलाई सम्झनुपर्छ र सो शब्दले दर्तावाल कृषि फर्म वा क समुहमा नपरेका कृषक समेतलाई सम्झनुपर्छ।

(ठ) "ग समुहका कृषक" भन्नाले पाँच बिगाहाभन्दा बढी खेतीयोग्य जमिन भएका कृषक वा सहकारी संस्थालाई सम्झनुपर्छ र सो शब्दले ख समुहमा नपरेका कृषक समेतलाई सम्झनुपर्छ।

**३. <u>पुराना कृषकहरुलाई लक्षित गरी कार्यक्रमका लागि सूचना प्रकाशन गर्नुपर्ने</u>** : (१) गाउँपालिका क्षेत्रभित्रका इच्छुक पुराना कृषकहरुलाई लक्षित गरी कम्तीमा पन्ध्र दिन अगावै अनुसुची १ बमोजिमको ढाँचामा कार्यक्रमका लागि कार्यालयले सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचना अनुसार इच्छुक पुराना कृषकहरुले सूचनामा तोकिएको विषयहरु उल्लेख गरी प्रकाशित सूचना बमोजिम हुने गरी कार्यक्रममा सहभागी हुनका लागि कार्यालयमा आवेदन दर्ता गराउनु पर्नेछ।

(३) नियम ८ बमोजिमको समितिले उपनियम (२) बमोजिम कार्यालयमा रीतपुर्वक दर्ता हुन आएका आवेदन उपर छानवीन गरी स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रमका लागि नियम ५ बमोजिम पुराना कृषकहरुको छनोट गरी कार्यालयमा सिफारिश गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम समितिले गरेको निर्णयमा चित्त नबुझ्ने कृषकले कार्यक्रम कार्यान्वयन निर्देशक समिति समक्ष निर्णय सार्वजनिक भएको मितिले पाँच दिनभित्र स्पष्ट आधार र कारण सहित उजुरी दर्ता गराउन सक्नेछ।

(५) उपनियम (४) बमोजिम परेको उजुरीको सम्बन्धमा उजुरी दिने म्याद समाप्त भएको मितिले पाँच दिनभित्रमा कार्यक्रम कार्यान्वयन निर्देशक समितिले निर्णय दिनु पर्नेछ र कार्यक्रम कार्यान्वयन निर्देशक समितिले दिएको निर्णय अन्तिम हुनेछ।

(६) कार्यालयले माथि उल्लिखित प्रावधान बमोजिम छनोट भएका कृषकलाई माछा विज्ञ समेतको व्यवस्था गरी कम्तीमा तीन दिने व्यवसायिक मत्स्य पालन तालिम कार्यक्रमको आयोजना गर्न सक्नेछ।

**४. <u>नयाँ कृषकहरुलाई लक्षित गरी कार्यक्रमका लागि सूचना प्रकाशन गर्नुपर्ने</u>** : (१) गाउँपालिका क्षेत्रभित्र इच्छुक नयाँ कृषकहरुलाई लक्षित गरी कम्तीमा पन्ध्र दिन अगावै अनुसुची २ बमोजिमको ढाँचामा कार्यालयले सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचना अनुसार इच्छुक नयाँ कृषकहरुले सूचनामा तोकिएको विषयहरु उल्लेख गरी प्रकाशित सूचना बमोजिम हुने गरी कार्यक्रममा सहभागी हुनका लागि कार्यालयमा आवेदन दर्ता गराउनु पर्नेछ।

(३) नियम ८ बमोजिमको समितिले उपनियम (२) बमोजिम कार्यालयमा रीतपुर्वक दर्ता हुन आएका आवेदन उपर छानवीन गरी स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रमका लागि नियम ५ बमोजिम नयाँ कृषकहरुको छनोट गरी कार्यालयमा सिफारिश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम समितिले गरेको निर्णयमा चित्त नबुझ्ने कृषकले कार्यक्रम कार्यान्वयन निर्देशक समिति समक्ष निर्णय सार्वजनिक भएको मितिले पाँच दिनभित्र स्पष्ट आधार र कारण सहित उजुरी दर्ता गराउन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम परेको उजुरीको सम्बन्धमा उजुरी दिने म्याद समाप्त भएको मितिले पाँच दिनभित्रमा कार्यक्रम कार्यान्वयन निर्देशक समितिले निर्णय दिनु पर्नेछ र कार्यक्रम कार्यान्वयन निर्देशक समितिले दिएको निर्णय अन्तिम हुनेछ ।

(६) कार्यालयले माथि उल्लिखित प्रावधान बमोजिम छनोट भएका कृषकलाई माछा विज्ञ समेतको व्यवस्था गरी कम्तीमा तीन दिने व्यवसायिक मत्स्य पालन तालिम कार्यक्रमको आयोजना गर्न सक्नेछ ।

५. **कार्यक्रम सञ्चालनका लागि कृषक छनोटको मापदण्ड** : समितिले स्वीकृत बजेट भित्रको कार्यक्रमका लागि देहाय बमोजिम अंकभार सहितको मापदण्डका आधारमा कृषक छनोट गर्नु पर्नेछ :-

(क) बढी लागत सहभागिता व्यहोर्ने प्रतिबद्धता वापत्- अधिकतम ५० अंक

(यस खण्डको प्रयोजनका लागि कुल ५० अंकमध्ये ५० प्रतिशत लागत साझेदारी व्यहोर्ने कृषकलाई ४५ अंक, ५१ प्रतिशतदेखी ६० प्रतिशतसम्म लागत साझेदारी व्यहोर्ने कृषकलाई ४८ अंक र ६१ प्रतिशतभन्दा बढी लागत साझेदारी व्यहोर्ने कृषकलाई ५० अंक प्रदान गरिनेछ)

(ख) सम्बन्धित माछा विज्ञको प्रतिवेदन वापत्- अधिकतम १५ अंक

(यस खण्डको प्रयोजनका लागि कुल १५ अंकमध्ये अति उत्तम जमीन वापत् १५ अंक, उत्तम जमीन वापत् १४ अंक, सामान्य जमीन वापत् १३ अंक प्रदान गरिनेछ)

(ग) कृषकको वर्गीकरण (क, ख र ग समुह) वापत्- अधिकतम २० अंक

(यस खण्डको प्रयोजनका लागि कुल २० अंकमध्ये सम्बन्धित वडाले क समुहका कृषक भनी गरेको सिफारिश वापत् २० अंक, ख समुहका कृषक भनी गरेको सिफारिश वापत् १५ अंक, र ग समुहका कृषक भनी गरेको सिफारिश वापत् १० अंक प्रदान गरिनेछ)

(घ) जग्गाको क्षेत्रफल तथा स्वामित्व वापत्- अधिकतम १० अंक

(यस खण्डको प्रयोजनका लागि कुल १० अंकमध्ये कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने जग्गा आफ्नै स्वामित्वमा भएको कृषकलाई १० अंक र पाँच वर्ष वा सोभन्दा बढी अवधिका लागि लिज/भाडामा जग्गाको बन्दोबस्त गरेका कृषकलाई ८ अंक प्रदान गरिनेछ)

(ङ) व्यवसायिक कार्ययोजना वापत्- अधिकतम ५ अंक

(यस खण्डको प्रयोजनका लागि कुल ५ अंकमध्ये माछापालन उद्यम मात्र गर्ने कृषकलाई २ अंक, माछापालनका अतिरिक्त थप एक उद्यम समेत गर्ने कृषकलाई ३ अंक, माछापालनका अतिरिक्त थप अन्य दुईवटासम्म उद्यम गर्ने कृषकलाई ४ अंक र माछापालनका अतिरिक्त अन्य थप तीन वा सोभन्दा बढी उद्यम गर्ने कृषकलाई ५ अंक प्रदान गरिनेछ। यसका लागि अन्य उद्यमहरु सोही स्थान आसपासका क्षेत्रमा सञ्चालन गर्नु पर्नेछ)

६. **कृषकका लागि अवलोकन भ्रमणको व्यवस्था मिलाउन सकिने** : नियम (३) तथा नियम (४) बमोजिम तालिम लिएका पुराना तथा नयाँ कृषकहरुलाई मत्स्य पालन व्यवसायमा थप उत्प्रेरित गरी उद्यमशील बनाउनका लागि कार्यालयले स्वीकृत बजेटको परिधि भित्र रही व्यवसायिक मत्स्य पालनमा स्थापित विभिन्न जिल्लाका कृषकहरुको अनुभव आदानप्रदानको अवसर दिलाउन अवलोकन भ्रमणको व्यवस्था मिलाउन सक्नेछ ।

७. **कृषकलाई भौतिक सामाग्री अनुदान उपलब्ध गराउन सकिने** : (१) समितिको सिफारिशमा छनोट भएका कृषकलाई व्यवसायिक मत्स्य पालनमा अभिप्रेरित गर्न स्वीकृत बजेटको परिधिभित्र रही देहायमा उल्लिखित कुनै एक वा एकभन्दा बढी भौतिक सामाग्रीहरुको लागत अनुमानको बढीमा पचास प्रतिशतसम्म सामाग्री अनुदान कार्यालयले उपलब्ध गराउन सक्नेछ :-

(क) एरिएटर,

(ख) महाजाल,

(ग) पि.एच.मिटर,

(घ) पेलेट दाना मेशिन,

(ङ) माछा भुरा ढुवानी, आदि ।

(२) उपनियम (१) बमोजिम उपलब्ध गराइने अनुदानका लागि कृषकले लागत अनुमानको कम्तीमा पचास प्रतिशत रकम वा अनुदान प्राप्तिका लागि कृषकले कबोल गरेको पचास प्रतिशतभन्दा बढी रकम कार्यालयले तोकेको बैंक खातामा जम्मा गरि सोको सक्कलै भौचर पेश गरे पश्चात मात्र कार्यक्रम सम्झौताको कार्य अघि बढाइनेछ ।

(३) उपनियम (२) मा उल्लिखित व्यवस्था बमोजिम कुनै कृषक सम्झौता गर्न नआएमा सम्बन्धित कार्यक्रमको वैकल्पिक सुचीमा रहेका कृषकलाई माथि उल्लिखित प्रावधान बमोजिम सम्झौताका लागि सूचना जारी गरिनेछ ।

(४) उपनियम (१) तथा (२) बमोजिम रकम जम्मा गरे पश्चात् कार्यालयले सम्बन्धित माछा विज्ञ/प्राविधिकबाट तयार भएको स्पेशिफिकेसन/लागत अनुमान बमोजिम सामाग्री खरिदको कार्य प्रचलित संघीय सार्वजनिक खरिद ऐनमा उल्लिखित खरिद प्रकृयाको अवलम्बन गरी अघि बढाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको प्रकृयाको अवलम्बन गरी सार्वजनिक खरिद गर्दा रकम बचत हुन आएमा समितिको सिफारिशमा कार्यक्रम कार्यान्वयन निर्देशक समितिले कार्यक्रमसँग सम्बन्धित थप कार्यक्रम यसै कार्यविधिमा उल्लिखित प्रकृयाको अवलम्बन गरी सञ्चालन गर्न सक्नेछ ।

(६) वस्तुगत सामाग्री खरिद तथा नयाँ माछा पोखरी विस्तारमा दुई दशमलव पाँच प्रतिशत रकम कन्टिन्जेन्सी वापत कट्टा गरी कार्यक्रम सञ्चालनसँग सम्बन्धित प्राविधिक तथा प्रशासनिक कार्यमा खर्च गरिनेछ ।

८. **अनुदान सिफारिश समिति** : (१) यस कार्यविधि बमोजिम स्वीकृत बजेटको परिधि भित्र रही मत्स्य पालन व्यवसायका लागि नयाँ तथा पुराना कृषक छनोटदेखी अनुदान वितरणसम्मको सिफारिश गर्नका लागि कार्यपालिका मातहतको आर्थिक क्षेत्र हर्ने विषयगत समिति (आर्थिक विकास समिति) नै रहनेछ ।

(२) उपनियम (१) बमोजिमको समितिले आफ्नो बैठकमा सम्बन्धित बढीमा दुई जनासम्म विज्ञ तथा अन्य पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

९. **नयाँ माछा पोखरी क्षेत्र विस्तार गर्न अनुदान उपलब्ध गराउन सकिने** : समितिले छनोट गरेका नयाँ कृषकहरुका लागि स्वीकृत बजेटको परिधि भित्र रही नयाँ माछा पोखरी क्षेत्र विस्तार गर्न समितिको सिफारिशमा कार्यालयले बढीमा प्रति कठ्ठा दश हजार रुपैंया अनुदान उपलब्ध गराउन सक्नेछ । यसरी अनुदान उपलब्ध गराउँदा कम्तीमा तीन कठ्ठा र बढीमा दश कठ्ठा क्षेत्रफलको जग्गामा मात्र पोखरी विस्तार गर्न अनुदान उपलब्ध गराईनेछ ।

(२) उपनियम (१) बमोजिमको अनुदान उपलब्ध गराउँदा सकभर प्रत्येक वडाबाट दामासाहीका दरले कृषक समेट्ने गरी समितिले अनुदान सिफारिशको व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नयाँ माछा पोखरी क्षेत्र विस्तार गर्न अनुदानका लागि छनोट भएका कृषकले पोखरी विस्तारको शत् प्रतिशत कार्यसम्पन्न गरेको भनी गाउँपालिका स्तरीय आयोजना तथा कार्यक्रम अनुगमन तथा मुल्याँकन समितिले सिफारिश गरेमा मात्र कार्यालयले उपनियम (१) बमोजिमको अनुदान उपलब्ध गराउनेछ ।

(४) नयाँ माछा पोखरी क्षेत्र विस्तार गर्दा कृषकहरुले गाउँपालिकाको व्याक हो लोडरलाई पहिलो प्राथमिकता दिई प्रयोग गर्नु पर्नेछ ।

१०. **कृषकलाई सहुलियत दरमा ऋणको व्यवस्था गर्न गाउँपालिका जमानी बसी दिन सक्ने** : (१) गाउँपालिकाबाट अनुदान पाएका गाउँपालिका क्षेत्रभित्र कियाशील सहकारी संघ/संस्थाहरुले ऋण लगानी गर्दा गाउँपालिका क्षेत्रभित्र नयाँ माछा पोखरी क्षेत्र विस्तार गर्न चाहने कृषकलाई पहिलो प्राथमिकतामा राखी सहुलियत दरमा ऋण उपलब्ध गराइदिन आवश्यकता अनुसार गाउँपालिका जमानीमा समेत बस्न सक्नेछ । यसका लागि गाउँपालिकाले त्यस्ता सहकारी संघ/संस्थाहरुलाई ऋण उपलब्ध गराइदिन औपचारिक अनुरोध गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यलाई व्यवस्थापन गर्नका लागि कार्यविधिको नियम १५ बमोजिमको कार्यक्रम कार्यान्वयन निर्देशक समितिले गाउँपालिकाको तर्फबाट खेल्नु पर्ने भूमिका निर्वाह गर्नेछ र सोको जानकारी कार्यपालिकामा गराउनु पर्नेछ ।

११. **टोल विकास संस्थालाई पहिलो प्राथमिकता दिईने** : गाउँपालिका क्षेत्रभित्र कियाशील टोल विकास संस्थामा आवद्ध सदस्यहरुले यस कार्यविधिमा उल्लिखित प्रावधान बमोजिम नयाँ माछा पोखरी क्षेत्र विस्तार गर्न चाहेमा ऋण तथा अनुदान वितरणमा टोल विकास संस्थालाई पहिलो प्राथमिकता दिईनेछ । यसका लागि कार्यविधिमा उल्लिखित सम्पूर्ण प्रावधानहरुको अक्षरशः पालना गर्नु टोल विकास संस्थाको कर्तव्य हुनेछ ।

१२. **कबुलियतनामा गर्नु पर्ने** : (१) यस कार्यविधि बमोजिम वस्तुगत सामाग्री तथा नयाँ माछा पोखरी विस्तार अनुदान प्राप्त गर्ने प्रत्येक कृषकले प्राप्त अनुदानको यथोचित व्यवस्थापन गर्ने सम्बन्धमा कार्यालयले तोकेको ढाँचामा कबुलियतनामा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कबुलियतनामामा अन्य कुराका अतिरिक्त अनुदानको दुरुपयोग गरेको पाइएमा भविष्यमा गाउँपालिकाबाट उपलब्ध गराइने अनुदान, सेवासुविधा लगायतका अवसरबाट बञ्चित गरी त्यस्ता कृषकलाई कालोसुचीमा राखी दुरुपयोग भएको अनुदान सरकारी बाँकी सरह असुलउपर समेत गरिने व्यहोरा उल्लेख गर्नु पर्नेछ ।

**१३. दोहोरो अनुदान उपलब्ध नगराइने** : यस कार्यविधिको अन्यत्र नियममा जुनसुकै कुरा लेखिएको भएता पनि एकै आर्थिक वर्षमा संघीय तथा प्रादेशिक सरकारबाट उपलब्ध भएको एउटै प्रकृतिको अनुदान कार्यक्रममा एउटै कृषकलाई दोहोरो पर्ने गरी अनुदान उपलब्ध गराइने छैन ।

**१४. सामुदायिक विद्यालयको स्वामित्वमा रहेका जग्गामा माछा पोखरी क्षेत्र विस्तार गर्न सकिने** : (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कार्यविधिमा उल्लिखित प्रावधान बमोजिम नयाँ तथा पुराना कृषकहरु अनुदानका लागि कुनै पनि कारणले छनोट हुन नसकेमा वा आवश्यक संख्यामा कृषकहरु छनोट नभएमा स्वीकृत कार्यक्रम बाँडफाँड बमोजिमको रकम प्रयोग गरी दोस्रो गाउँसभाको निर्णय नम्बर (२९) बमोजिम हुनेगरी गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयको स्वामित्वमा रहेका जग्गामा माछा पोखरी क्षेत्र विस्तार गर्न सकिनेछ ।

(२) गाउँ शिक्षा समितिले उपनियम (१) बमोजिम सामुदायिक विद्यालयको स्वामित्वमा रहेको जग्गा पहिचान गरी कार्यपालिकामा सिफारिश गर्नेछ र प्राप्त सिफारिशका आधारमा कार्यपालिकाले माछा पोखरी क्षेत्र विस्तार गर्न पुनः रकम बाँडफाँड सहितको निर्णय गर्न सक्नेछ ।

**१५.कार्यक्रम कार्यान्वयन निर्देशक समितिः** गाउँपालिकामा देहाय बमोजिमको एक कार्यक्रम कार्यान्वयन निर्देशक समिति रहनेछ :-

(क) गाउँपालिका अध्यक्ष -संयोजक
(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य
(ग) कम्तीमा एकजना महिला सहित कार्यपालिकाले तोकेको दुईजना कार्यपालिकाका सदस्य -सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

**१६. बाधा अड्काउ फुकाउन सक्ने** : यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्न कुनै द्विविधा वा बाधा अड्चन परेमा नियम १५ बमोजिमको कार्यक्रम कार्यान्वयन निर्देशक समितिले आवश्यक निर्णय गरी त्यस्तो द्विविधा वा बाधा अड्चन फुकाउन सक्नेछ र सोको जानकारी कार्यपालिकामा गराउनु पर्नेछ ।

# अनुसुची - १

हल्दीबारी गाउँपालिकाको दोस्रो गाउँसभाबाट पारित **"हल्दीबारीको बाचा, झापाभरी माछा"** कार्यक्रम कार्यान्वयन गर्नका लागि विगत देखी नै यस हल्दीबारी गाउँपालिका क्षेत्रभित्र मत्स्य पालन व्यवसाय सञ्चालन गर्दै आउनु भएका पुराना दर्तावाल कृषक तथा कृषि समुह/फर्महरुलाई मत्स्य पालन व्यवसायमा थप उत्प्रेरित गरी उद्यमशील बनाउन व्यवसायिक मत्स्य पालन तालिम कार्यक्रमको आयोजना गरी स्वीकृत कार्यक्रम बाँडफाँड एवम् कार्यविधि बमोजिम सामाग्री अनुदान समेत उपलब्ध गराउने गाउँपालिकाको कार्यक्रम रहेको हुँदा इच्छुक दर्तावाल पुराना कृषक तथा कृषि समुह/फर्महरुले यो सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र गाउँ कार्यपालिकाको कार्यालय, मंगलबारे, हल्दीबारी, झापामा संलग्न ढाँचा अनुसार आवेदन गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| **श्री हल्दीबारी गाउँ कार्यपालिकाको कार्यालय, हल्दीबारी, झापा ।**<br>प्रस्तुत विषयमा ताँहा कार्यालयको मिति २०७५।। गते प्रकाशित सूचना बमोजिम मत्स्य पालन व्यवसायको लागि तालिम लगायतका सामाग्री अनुदान कार्यक्रममा सहभागी हुन देहाय बमोजिम रीतपुर्वकको फाराम भरी स्वीकृत कार्यविधि बमोजिम हुनेगरी छनोटका लागि पेश गरेको छु । | |
| १. दर्तावाल कृषक/कृषि समुह/फर्मको नाम : | |
| २. परियोजना स्थलको ठेगाना : | ३. परियोजनाको क्षेत्रफल : |
| ४. जग्गाको स्वामित्व क.आफ्नो हो/होइन : ख. लिज/ठेक्कामा लिइएको भए कति अवधिका लागि लिइएको हो बाँकी अवधि खुलाउने : | |
| ५. मत्स्य पालन व्यवसाय सम्बन्धी तालिम लिएको भए- | |
| क. तालिमको अवधि : | ख. तालिम प्रदान गर्ने संस्था : |
| ६. पोखरी सम्बन्धी विवरण : | |
| क. पोखरीको किसिम : ख. संख्या : ग. जलाशय क्षेत्रफल : घ. वार्षिक उत्पादन : | |
| ७. अन्य सुविधा विकास सम्बन्धी विवरण : | |
| क. बंगुर/हाँस/कुखुरा/गाइबस्तु/बाखाको खोर/गोठको विवरण : अ. संख्या आ.उत्पादन क्षमता : | |
| ख. कार्यालय भवन, दानाघर, स्टोर आदिको विवरण : अ. संख्या आ. क्षमता : | |
| ग. महाजाल भए/नभएको, भएको भए कतिवटा छन् : | |
| घ. एरिएटर मेशिन भए/नभएको, भएको भए कतिवटा छन् : | |
| ङ पेलेट दाना मेशिन भए/नभएको, भएको भए कतिवटा छन् : | |
| च. बोरिङ्ग, पम्पसेट, मोटरको व्यवस्था भए/नभएको, भएको भए कतिवटा छन् : | |
| छ. पि.एच.मिटर भए/नभएको, भएको भए कतिवटा छन् : | |
| ज. माछा भुरा आफैं उत्पादन गर्ने गरेको वा अन्यत्रबाट ढुवानी गर्ने गरेको : | |
| झ. माछा प्राविधिकबाट नियमित अनुगमनको व्यवस्था गर्ने गरेको वा नगरेको : | |
| ञ. माछाको लागि चाहिने दानाको व्यवस्थापन कसरी गर्ने गरिएको : | |
| ट. माछा पालनका लागि कुनै संघसंस्थाबाट ऋण लिए/नलिएको, लिएको भए कति लिएको : | |
| ठ. आगामी कति अवधिसम्म यो व्यवसाय सञ्चालन गर्ने सोच रहेको : | |
| ८. मत्स्य पालन व्यवसायका लागि पुराना कृषकलाई वितरण गरिने अनुदानमा सामाग्रीको लागत अनुमानको बढीमा ५० प्रतिशत खर्चमात्र गाउँपालिकाले व्योहोर्ने र यसरी गाउँपालिकाद्धारा वितरण गरिने अनुदानमा बढी लागत सहभागिता व्योहोर्ने कृषकलाई पहिलो प्राथमिकतामा राखी सामाग्री अनुदान उपलब्ध गराइने भएकाले लागत अनुमानको कम्तीमा ५० प्रतिशतदेखी बाहेक बढीमा कति प्रतिशतसम्म खर्च व्योहोर्न सक्नुहुन्छ ? प्रतिशतमा उल्लेख गर्नुहोस् (५० प्रतिशत वा सोभन्दा माथिको अंक उल्लेख गर्ने) :- | |
| ९. माछा पालन व्यवसायसँग नयाँ सोच केही भए छोटकरीमा अलग्गै पानामा उल्लेख गर्नुहोस् । | |
| **यस फाराममा भरिएका सबै विवरण सही छन् । झुठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला । म/हाम्रो समुह/फर्म "हल्दीबारीको बाचा, झापाभरी माछा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" बमोजिम अनुदानका लागि छनोट भएमा कार्यविधिमा उल्लिखित प्रावधानको अक्षरशः पालना गर्नेछु भनी सहीछाप गर्ने-**<br>**कृषक/दर्तावाल कृषि समुह/कृषि फर्मको नाम, थर :**<br>**ठेगाना :**<br>**मिति :**<br>**हस्ताक्षर :** | |

**संलग्न गर्नुपर्ने कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी २. जग्गाधनी प्रमाण पुर्जा वा लिज/ठेक्का भए कम्तीमा ५ वर्षसम्म लिज/ठेक्का लिएको आधिकारिक करार पत्र र करार पत्र दिने व्यक्तिको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी, ३. कम्तीमा ५ वर्षसम्म व्यवसाय सञ्चालन गर्ने प्रतिबद्धता पत्र, ४. गाउँपालिकालाई तिर्नु वा बुझाउनु पर्ने सम्पूर्ण करचुक्ताको प्रमाण, ५. सम्बन्धित वडाको सिफारिश, ६. कार्यालयले आवश्यक ठानेका अन्य कुराहरु ।

हल्दीबारी राजपत्र

अनुसुची - २

हल्दीबारी गाउँपालिकाको दोस्रो गाउँसभाबाट पारित **"हल्दीबारीको बाचा, झापाभरी माछा"** कार्यक्रम कार्यान्वयन गर्नका लागि यस हल्दीबारी गाउँपालिका क्षेत्रभित्र मत्स्य पालन व्यवसाय सञ्चालन गर्न इच्छुक कृषक तथा कृषि समुहहरुलाई मत्स्य पालन व्यवसायमा उत्प्रेरित गरी उद्यमशील बनाउन व्यवसायिक मत्स्य पालन तालिम कार्यक्रमको आयोजना गरी स्वीकृत कार्यक्रम बाँडफाँड बमोजिम कम्तीमा **तीन कठ्ठा र बढीमा दश कठ्ठा** जग्गामा माछा पोखरी क्षेत्र विस्तार गर्न अनुदान समेत उपलब्ध गराउने गाउँपालिकाको कार्यक्रम रहेको हुँदा इच्छुक कृषक तथा दर्तावाल कृषि समुह/कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र गाउँ कार्यपालिकाको कार्यालय, मंगलबारे, हल्दीबारी, झापामा संलग्न ढाँचा अनुसार आवेदन गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| | |
|---|---|
| **श्री हल्दीबारी गाउँ कार्यपालिकाको कार्यालय, हल्दीबारी, झापा।**<br>प्रस्तुत विषयमा ताँहा कार्यालयको मिति २०७५।। गते प्रकाशित सूचना बमोजिम मत्स्य पालन व्यवसायको लागि तालिम लगायतका अनुदान कार्यक्रममा सहभागी हुन देहाय बमोजिम रीतपुर्वकको फाराम भरी स्वीकृत कार्यविधि बमोजिम हुनेगरी छनोटका लागि पेश गरेको छु। | |
| १. कृषक/दर्तावाल कृषि समुह/कृषि फर्मको नाम : | |
| २. परियोजना स्थलको ठेगाना : | ३. परियोजनाको क्षेत्रफल : |
| ४. जग्गाको स्वामित्व क.आफ्नो हो/होइन : ख. लिज/ठेक्कामा लिइएको भए कति अवधिका लागि लिइएको हो, अवधि खुलाउने : | |
| ५. यस अघि मत्स्य पालन व्यवसाय सम्बन्धी तालिम लिएको भए- | |
| क. तालिमको अवधि : | ख. तालिम प्रदान गर्ने संस्था : |
| ६. अन्य सुविधा विकास सम्बन्धी विवरण : | |
| क. परियोजना स्थलमा माछा पालनसँगै अन्य उद्यम जस्तै :- कुखुरा/बाखा/गाई/बंगुर आदि पालन तथा सब्जी खेती आदि गर्ने सोच रहे/नरहेको ? रहेको भए परियोजनाको संक्षिप्त विवरण (लागत, परिमाण, कार्ययोजना आदि) खुलाउनुहोस्। | |
| ७. माछा पोखरी क्षेत्र विस्तार (कम्तीमा ३ कठ्ठा र बढीमा १० कठ्ठा क्षेत्रफल)मा लाग्ने अनुमानित लागतको बढीमा कति प्रतिशतसम्म लागत व्यहोर्न सकिने ? प्रतिशतमा उल्लेख गर्नुहोस् :- | |
| ८. आगामी कति अवधिसम्म यो व्यवसाय सञ्चालन गर्ने सोच रहेको : | |
| **यस फाराममा भरिएका सबै विवरण सही छन्। झुठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला। म/हाम्रो समुह/फर्म "हल्दीबारीको बाचा, झापाभरी माछा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" बमोजिम अनुदानका लागि छनोट भएमा कार्यविधिमा उल्लिखित प्रावधानको अक्षरशः पालना गर्नेछु भनी सहीछाप गर्ने-**<br>**कृषक/दर्तावाल कृषि समुह/कृषि फर्मको नाम, थर :**<br>**ठेगाना :**<br>**मिति :**<br>**हस्ताक्षर :** | |

**संलग्न गर्नुपर्ने कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी २. जग्गाधनी प्रमाण पुर्जा वा लिज/ठेक्का भए कम्तीमा ५ वर्षसम्म लिज/ठेक्का लिएको आधिकारिक करार पत्र र करार पत्र दिने व्यक्तिको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी, ३. कम्तीमा ५ वर्षसम्म व्यवसाय सञ्चालन गर्ने प्रतिबद्धता पत्र, ४. गाउँपालिकालाई तिर्नु वा बुझाउनु पर्ने सम्पूर्ण करचुक्ताको प्रमाण, ५. सम्बन्धित वडाको सिफारिश, ६. कार्यालयले आवश्यक ठानेका अन्य कुराहरु।

# अनुसुची ३

| सि.न. | क्रियाकलाप | परिमाण (स्पेशिफिकेसन अनुसार) | विनियोजित बजेट |
|---|---|---|---|
| १. | बढीमा ३ दिने गाउँपालिका स्तरिय ब्यवसायिक मत्स्य पालन तालिम (अगुवा कृषकहरु) | १ | ७० हजार |
| २. | बढीमा ३ दिने गाउँपालिका स्तरिय ब्यवसायिक मत्स्य पालन तालिम (नयाँ कृषकहरु) | १ | ७० हजार |
| ३. | कार्यक्रम अभिमुखिकरण गोष्ठी | १ | ३० हजार |
| ४. | जनप्रतिनिधिलाइ गोष्ठी | १ | ३० हजार |
| ५. | माछा पोखरी क्षेत्र बिस्तार कार्यक्रम (१५ बिघा) | १० | ३० लाख |
| ६. | चुन प्रयोग प्रदर्शन | ५ | १ लाख ५० हजार |
| ७. | एरिएटर ५०% अनुदानमा बितरण | २५ | ५ लाख ५० हजार |
| ८. | माहाजाल ५०% अनुदानमा बितरण | २० | ४ लाख |
| ९. | माछा भुरा ढुवानी अनुदान | ३ | ३० हजार |
| १०. | हल्दिबारी गाउ पालिकामा अवस्थित कृत्रिम तथा प्राकृतिक जलाशयमा रहेको रैथाने माछाको अध्ययन बिश्लेषण | १ | २ लाख |
| ११. | पि.एच मिटर ५०% अनुदानमा बितरण | ५० | ४५ हजार |
| १२. | पेलेट दाना मेशिन ५०% अनुदानमा बितरण | ६ | ४ लाख ५० हजार |
| १३. | कृषक भ्रमण अवलोकन | १ | ३ लाख |
| १४. | सुचना एवं प्रकाशन | | १ लाख ७५ हजार |
| १५. | कार्यक्रम अनुगमन निरिक्षण | | २ लाख |
| १६. | परामर्श खर्च | | ३ लाख |
| | **जम्मा** | | **६० लाख** |

आज्ञाले,
सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत